यो आकाशवाणी हो

17th of dec 2024

समाचार अनुशीला शर्माबाट सुन्नुहोस

मुख्य समाचारहरुबाट

- किफायती चिकित्सा पर्यटनमा भारतले नेतृत्व गरिरहेको राष्ट्रपतिको भनाई
- प्रधानमन्त्रीले गर्नुभयो राजस्थानमा सैतालीस हजार भन्दा बढी लागतका 24 परियोजनाहरूको उद्घाटन र शिलान्यास
- एक राष्ट्र, एक चुनाव सम्बन्धी विधेयक लोकसभामा पेश
- राज्यसभाले अघि बढायो भारतीय संविधानको 75 वर्षको गौरवशाली यात्राको छलफललाई

किफायती चिकित्सा पर्यटनमा भारतले नेतृत्व गरिरहेको राष्ट्रपतिको भनाई

राष्ट्रपति द्रौपदी मुर्मुले भारत किफायती चिकित्सा पर्यटनको केन्द्र बन्दै गएको बताउनुभएको छ । यो प्रगतिमा डाक्टरहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्नुभएको छ। उहाँले आज आन्ध्र प्रदेशको एम्स मंगलगिरिको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै यस्तो बताउनुभएको हो। राष्ट्रपति मुर्मुले चिकित्सकीय पेशालाई मानव सेवाको मार्गको रूपमा प्रशंसा गर्नुभयो। उहाँले डाक्टरहरूलाई सेवामुखी मानसिकता, निरन्तर अध्ययन र अनुसन्धानमा केन्द्रित हुन सुझाव दिनुभयो। साथै, उहाँले सबैका लागि स्वास्थ्य सेवाको वकालत गर्नुभयो।

राष्ट्रपतिले समग्र स्वास्थ्यको महत्त्वमा जोड दिँदै एम्स मंगलगिरिको आदर्श वाक्य 'सकल स्वास्थ्य सर्वदा'को प्रशंसा गर्नुभयो। उहाँले एम्स मंगलगिरिको साइटो-जेने-टिक्स प्रयोगशालालाई नवीन अनुसन्धान र समाधानतर्फको महत्वपूर्ण कदमको रूपमा प्रशंसा गर्नुभयो। साथै, उहाँले संस्थानले उपचार र चिकित्सा विज्ञानमा नयाँ प्रगतिहरू गर्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्रीले गर्नुभयो राजस्थानमा सैतालीस हजार भन्दा बढी लागतका 24 परियोजनाहरूको उद्घाटन र शिलान्यास

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राजस्थानको जयपुरमा आयोजित एक समारोहमा छ्यालीस हजार,300 करोड रूपैयाँभन्दा बढी लागतका 24 परियोजनाको उद्घाटन र शिलान्यास गर्नुभयो। यसमा ऊर्जा, सडक, रेल र जलसम्बन्धी परियोजनाहरू समेटिएका छन्। श्री मोदीले भजनलाल शर्मा नेतृत्वको सरकारको एक वर्ष पूरा भएको अवसरमा आयोजित कार्यक्रममा सहभागिता जनाउनुभयो।

प्रधानमन्त्रीले 11 हजीर करोड रूपैयाँभन्दा बढी लागतका नौ परियोजनाहरूको उद्घाटन गर्नुभयो, जसमा सात केन्द्र सरकारको र दुई राज्य सरकारको परियोजनाहरू समावेश छन्। यसका साथै, उहाँले 35 हजार 300 करोड रूपैयाँभन्दा बढी लागतका 15 परियोजनाहरूको शिलान्यास पनि गर्नुभयो। ती परियोजनामा पार्वती, कालीसिंध र चम्बल लिंक परियोजना समेटिएको छ, जसले राजस्थान र मध्य प्रदेशलाई जोड्ने कार्य गर्नेछ। श्री मोदीको उपस्थितिमा मध्य प्रदेश र राजस्थान सरकारहरूबीच यो परियोजनाको सम्झौतामा हस्ताक्षर पनि भएको छ।

प्रधानमन्त्रीले आमसभालाई सम्बोधन गर्दै यस परियोजनाले केवल लगानी बढाउने मात्र होइन, युवाहरूलाई रोजगारका धेरै अवसर पनि प्रदान गर्ने र राजस्थान र मध्य प्रदेशमा विकासलाई प्रोत्साहन दिने बताउनुभयो।

प्रधानमन्त्री मोदीले कंग्रेस नेतृत्वको केन्द्र सरकारहरूको कार्यकालमा जल विवाद समाधान नभएको स्मरण गराउँदै त्यसले मध्य प्रदेश र राजस्थानलाई ठूलो क्षति पुर्याएको बताउनुभयो। उहाँले वर्तमान केन्द्र सरकार विवादका विकल्पमा समाधानको पक्षमा रहेको बताउनुभयो। दुवै राज्यहरू बीच भएको जल समझदारीले अन्य राज्यहरूलाई पनि प्रेरणा दिने उहाँले बताउनुभयो। प्रधानमन्त्रीले जल संरक्षणलाई समयको माग भन्दै सबै नागरिकले यसमा योगदान दिनुपर्ने आह्वान गर्नुभयो। उहाँले जनभागीदारीका साथ विभिन्न राज्यहरूमा ठूलो संख्यामा वर्षा जल संचयन संरचना निर्माण भइरहेको बताउनुभयो। प्रधानमन्त्रीले एक वर्षमा

राजस्थानमा भएका ऐतिहासिक कार्यहरूको पनि प्रशंसा गर्नुभयो। भाजपा डबल इन्जिन सरकारहरू अब देशमा सुशासनको प्रतीक बन्न थालेका उहाँले बताउनुभयो।

## एक राष्ट्र, एक चुनाव सम्बन्धी विधेयक लोकसभामा पेश

लोकसभामा आज एक राष्ट्र, एक चुनावसम्बन्धी दुई महत्त्वपूर्ण विधेयक पेश गरियो। कानुन एवम् न्याय मन्त्री अर्जुन राम मेघवालले संविधान (129औँ) संशोधन विधेयक-2024 र केन्द्रशासित प्रदेश विधि (संशोधन) विधेयक-2024 सदनमा पेश गरेपछि विपक्षी दलहरूले मत विभाजनको माग गरे। विधेयक पेश गर्ने पक्षमा 2 सय उनातर सदस्यले मत दिएका थिए भने 1अनठानब्बे सदस्यले विरोध गरे। कंग्रेस, तृणमूल कंग्रेस (टीएमसी), समाजवादी पार्टी, डीएमके, शिवसेना (उद्धव ठाकरे समूह), मार्क्सवादी कम्युनिस्ट पार्टीसहित अन्य विपक्षी दलहरूले विधेयकको विरोध गर्दै यसलाई संविधानको आधारभूत संरचनामाथिको प्रहार भने। उहाहरूले विधेयकलाई जाँचका लागि संयुक्त संसदीय समितिमा पठाउन माग गरे। विपक्षी आरोपहरूको खण्डन गर्दै मन्त्री श्री मेघवालले यी विधेयक संविधानको मूल संरचनाको विरोधमा नरहेको बताउनुभयो। उहाँले संयुक्त संसदीय समितिमा पठाउने प्रस्तावसमेत राख्नु भयो। भारतका प्रथम कानुन मन्त्री डा भीमराव आम्बेडकरको भनाइ उद्धृत गर्दै उहाँले संघीय ढाँचामा परिवर्तन सम्भव नरहेको बताउनुभयो। श्री मेघवालले रामनाथ कोविन्दको नेतृत्वमा गठित उच्चस्तरीय समितिको प्रशंसा गर्दै एक राष्ट्र, एक चुनावको अवधारणामा गरिएका व्यापक परामर्शको चर्चा गर्नुभयो। यसअघि, केन्द्रीय गृह मन्त्री श्री अमित शाहले कैबिनेटले एक राष्ट्र, एक चुनावसम्बन्धी विधेयकहरूमा विचार गर्दा प्रधानमन्त्री नरेन्द्र मोदीले यस विषयलाई संयुक्त संसदीय समितिमा पठाउने राय दिएको बताउनुभयो। कंग्रेसका सांसद मनीष तिवारीले विधेयकलाई संविधानको मूल संरचनाको उल्लङ्घन बताउँदै भारत राज्यहरूको परिसंघ भएकोले यस्तो कदम अनुचित भएको धारणा राख्नुभयो। टीएमसी नेता कल्याण बनर्जीले विधेयकले राज्य सभाहरूको स्वाय-त्त-तामा असर पर्ने बताउनुभयो।। डीएमके नेता टी आर बालुले संघीयताविरोधी भन्दै विधेयकलाई संयुक्त संसदीय समितिमा पठाउन माग गर्नुभयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

राज्यसभाले आज भारतीय संविधानको 75 वर्षको गौरवशाली यात्राबारे विशेष छलफललाई अघि बढायो

राज्यसभाले आज भारतीय संविधानको 75 वर्षको गौरवशाली यात्राबारे विशेष छलफललाई अघि बढाएको छ। छलफलमा सहभागी हुँदै सदनका नेता तथा केन्द्रीय मन्त्री जगत प्रकाश नड्डाले भन्नुभयो कि भारत केवल सबैभन्दा ठूलो लोकतन्त्र नभएर यो लोकतन्त्रको जन्मस्थल पनि हो। उहाले भन्नुभयो की  भारतीय मूल्यअनुसार लोकतन्त्रमा स्वतन्त्रता, स्वीकार्यता, समानता, र समावेशिता समाहित हुन्छ, जसले प्रत्येक नागरिकलाई सम्मानपूर्वक जीवन जिउने अनुमति दिन्छ। श्री नड्डाले विगतमा कांग्रेसले संविधानलाई कमजोर बनाएको आरोप लगाउनुभयो । उहाले  कांग्रेसले न्यायपालिकाको स्वतन्त्रतामा हमला गरेको थियो र तत्कालीन सरकारका योजनाहरूको विरोध गर्ने न्यायाधीशहरूलाई पदोन्नतिबाट वञ्चित गराइएको पनि आरोप लगाउनुभयो। उहाले  कंग्रेसले राज्यहरूमा स्थिर सरकार हटाउन 90 पटक धारा तिन सय छप्पन को दुरुपयोग गरेको पनि बताउनुभयो।

तृणमूल कांग्रेसकी सुष्मिता देवले आरोप लगाउनुभयो की देशको 1 प्रतिशत जनसंख्याले देशको 40 प्रतिशत सम्पत्ति नियन्त्रणमा राखेको छ। उहाले यो पनि आरोप लगाउनु भयो कि सरकार मणिपुरको मुद्दामा मौन छ।  केन्द्रीय मन्त्री भूपेन्द्र यादवले भन्नुभयो कि देशको संवैधानिक र सभ्यताका मूल्यहरू अत्यन्त महत्वपूर्ण छन्। उहाले भन्नुभयो कि भारतीय जनता पार्टीका लागि ‘राष्ट्र प्रथम’ मन्त्र हो, र पार्टीले सधैं राष्ट्रको विकासलाई समर्थन गरेको छ।

मार्क्सवादी कम्युनिस्ट पार्टीका जोन ब्रिटासले भन्नुभयो कि देशमा लोकतन्त्र, धर्मनिरपेक्षता, र संघीयताविना एकता कायम हुन सक्दैन। उहाले  भाजपा विपक्षी दलद्वारा शासित राज्य सरकारहरूलाई अस्थिर बनाउन लागिपरेको आरोप पनि लगाउनुभयो।

पञ्चायती राज विभागले

केन्द्र सरकारले भनेको छ पञ्चायती राज विभागले पन्ध्रौ वित्त आयोगका सिफारिशहरू अन्तर्गत ग्रामीण स्थानीय निकायहरूका लागि एक लाख त्रिचालिस हजार करोड़ रूपियाँको अनुदान जारी गरिएको छ। लोकसभामा आज एउटा प्रश्नको लिखित उत्तरमा केन्द्रीय पञ्चायती राज मन्त्री श्री एस पी बघेलले राशीमध्ये एक लाख छ हजार करोड़ रूपियाँ खर्च गरिसकिएको जानकारी दिनुभयो।

अन्त्यमा मुख्य समाचार फेरी एक पल्ट

- किफायती चिकित्सा पर्यटनमा भारतले नेतृत्व गरिरहेको राष्ट्रपतिको भनाई
- प्रधानमन्त्रीले गर्नुभयो राजस्थानमा सैतालीस हजार भन्दा बढी लागतका 24 परियोजनाहरूको उद्घाटन र शिलान्यास
- एक राष्ट्र, एक चुनाव सम्बन्धी विधेयक लोकसभामा पेश
- राज्यसभाले अघि बढायो भारतीय संविधानको 75 वर्षको गौरवशाली यात्राको छलफललाई